मौरी श्रोत केन्द्र स्थापना कार्यक्रमको मापदण्ड तथा कृयाकलापहरुको विस्तृतीकण

| क्र.सं | श्रोत केन्द्र | आवश्यक मापदण्ड | कृयाकलापहरुको विस्तृतीकण |
|---|---|---|---|
| १ | मौरि घार तथा उपकरण श्रोत केन्द्र | १.सम्बन्धित निकायमा दर्ता/ नविकरण भएको व्यवसायी फर्म हुनु पर्ने । | १ आधुनिक घार निर्माणको लागि कारखाना टहरा,/भवन/पूर्वाधार निर्माण |
| | | २.प्यान वा भ्याटमा दर्ता भएको हुनु पर्ने | २. मौरी घार उत्पादनमा आवश्यक पर्ने मेशिनरी तथा औजार उपकरणहरु आदि खरिद |
| | | ३.मौरी घार तथा उपकरण श्रोत केन्द्र स्थापनाको लागि मान्यता प्राप्त सस्थाबाट कम्तिमा १५ कार्य दिनको मौरी घार तथा उपकरण सम्वन्धी तालिम लिएको | |
| | | ४. एपिस सेरेना मौरीको लागि न्यूटन बि र एपिस मेलिफेराको लागि Langstroth Bee Hive घारको मापदण्ड तथा नापजाँच अनुसार हुनु पर्ने । | |
| | | ५. आवश्यक काठ/सामाग्रीहरु तथा पूर्वाधारहरुको उपलब्धता भएको हुनु पर्ने | |
| | | ६. मौरी घार निर्माण गर्ने दक्ष जनशक्ति हुनु पर्ने | |
| | | ७. वार्षिक कम्तिमा ५०० घार निर्माण गरेको हुनु पर्ने । | |
| २ | मौरी गोला श्रोत केन्द्र | १.सम्वन्धित निकायमा दर्ता/नविकरण भएको व्यवसायीक फर्म हुनु पर्ने । | १. कम्तिमा २०० मजवुत र स्वस्थ मातृ गोला पालन भएको व्यवसायीलाई थप कम्तिमा १०० मजवुत र स्वस्थ मातृ घार गोला विस्तारमा सहयोग |
| | | २.प्यान वा भ्याटमा दर्ता भएको हुनु पर्ने | २. मौरी गोला तथा रानु वृद्धि गर्न आवश्यक पर्ने मेशिनरी, औजार उपकरणहरु आदि खरिद |
| | | ३.मौरी गोला श्रोत केन्द्र स्थापनाको लागि मान्यता प्राप्त संस्थाबाट कम्तिमा १ हप्ते मौरी पालन सम्वन्धी तालिम लिएको हुनु पर्ने । | ३. न्यूक्लियस घार खरिदमा सहयोग |

| | | | |
|---|---|---|---|
| | | ४. श्रोत केन्द्र स्थापना गर्ने व्यवसायीसंग कम्तिमा तराईमा २०० र पहाडमा १०० मजबुत र स्वस्थ गोला पालन गरिएको हुनु पर्ने । | |
| | | ५. एपियरीमा गुणस्तरीय रानु र यसको प्रयोग गरि गोला वृद्धि गरेको हुनु पर्ने | |
| | | ६.आवश्यक सामाग्रीहरु तथा पूर्वाधारहरुको र चरनको उपलब्धता भएको हुनु पर्ने । | |
| | | ७. मौरी गोला बृद्धि गर्ने दक्ष जनशक्ति हुनु पर्ने । | |
| ३ | रानु मौरी उत्पादन श्रोत केन्द्र | १.सम्बन्धित निकायमा दर्ता/ नविकरण भएको व्यवसायी फर्म हुनु पर्ने । | १. कम्तिमा २०० मजबुत र स्वस्थ मातृ गोला पालन भएको व्यवसायीलाई थप कम्तिमा १०० मजबुत र स्वस्थ मातृ घार गोला थपमा सहयोग |
| | | २.प्यान वा भ्याटमा दर्ता भएको हुनु पर्ने | २. न्यूक्लियस घार खरिद |
| | | ३.रानु मौरी उत्पादनको लागि श्रोत केन्द्र स्थापनाको लागि मान्यता प्राप्त संस्थाबाट कम्तिमा २१ कार्य दिनको रानु मौरी उत्पादन सम्बन्धी तालिम लिएको हुनु पर्ने | ३. रानु मौरी वृद्धि गर्न आवश्यक पर्ने मेशिनरी, औजार उपकरणहरु आदि खरिद |
| | | ४. श्रोत केन्द्र स्थापन गर्ने व्यवसायीसंग कम्तिमा तराईमा २०० र पहाडमा १०० मजबुत र स्वस्थ गोला पालन गरिएको हुनु पर्ने । | |
| | | ५.आवश्यक सामाग्रीहरु तथा पूर्वाधारहरुकोउपलब्धता भएको हुनु पर्ने | |
| | | ६. रानु मौरी उत्पादन गर्ने दक्ष जनशक्ति हुनु पर्ने । | |